JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २१ गते शनिबार ❑ 3 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सरकार बनाउन काँग्रेसले अग्रसरता लिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

नेपाली काँग्रेसको केन्द्रीय समिति बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग गर्ने निर्णय गरेको छ।

शुक्रबार साँझ पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले प्रधानमन्त्रीबाट ओलीको राजीनामा मागेर आफ्नै नेतृत्वमा सरकार गठन गर्ने गरी अग्रसरता लिने निर्णय गरेको हो । नेताहरुबीच वर्तमान सरकारको विकल्पका बारेमा छलफल भएको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए । बैठकमा पार्टीको क्रियाशील सदस्यता विवाद, राप्रपाबाट काँग्रेसका प्रवेश गरेकाहरुलाई क्रियाशील सदस्यता दिने र केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारको विकल्पका विषयमा छलफल भएको प्रवक्ता शर्माले बताए । यसबारे पार्टीका नेताहरुले आ-आफ्नो धारण राखेका थिए । सर्वोच्च अदालतले संसद पुनर्स्थापना गरेपछि प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने भएपनि त्यो नैतिक र राजनीतिक अभिभारा पुरा नगरेको भन्दै उनले अघि भने, 'हामीलाई अपेक्षा थियो प्रधानमन्त्रीले मार्गप्रशस्त गर्नु हुनेछ ।' तर त्यसो नभएकाले प्रधानमन्त्रीको राजीनामा माग गर्ने निर्णय गरेको प्रवक्ता शर्माले बताए।

केन्द्रीय कार्यसमितिको बैठकले आफ्नै नेतृत्वमा सरकार गठनको पहल गर्ने निर्णय पनि गरेको छ । प्रवक्ता शर्माले अघि भने, 'प्रतिगमन भएको थियो र वर्तमान सरकारलाई विस्थापन गर्नुपर्छ भन्ने निष्कर्ष निकाल्ने दलहरु कांग्रेसको नेतृत्वमा सरकार बनाउने सन्दर्भमा एकठाउँमा उभिएर विकल्पमा जानुपर्छ ।' केन्द्रीय कार्यसमिति बैठक अगाडि सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, नेता कृष्णप्रसाद सिटौला लगायतबीच भएको छलफलमा लामो रस्साकस्सीपछि प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा माग्ने र कांग्रेसकै नेतृत्वमा सरकार गठनको अग्रसरता लिने सहमति जुटेको थियो । फागुन २८ गते बसेको पदाधिकारी तथा पूर्व पदाधिकारी सम्मिलित बैठकमा पनि आफ्नो नेतृत्व सरकार बनाउन अग्रसरता लिने सहमति भएको थियो।

## सेतीनदी किनाराको बस्ती संरक्षणमा लाग्दै शान्ति टोल विकास संस्था

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

पोखरा १ मा रहेको शान्ति टोल टोल विकास संस्थाले सेतीनदी किनारामा रहेको बस्ती संरक्षण अभियानमा लागेको छ।

गत बर्षको बर्षादले शान्ति टोल क्षेत्रमा सेतीनदीले कटान गरी बस्ती नै जोखिम भएकोले उक्त बस्ती संरक्षणको अभियानमा आफुहरु लागी परेको संस्थाका अध्यक्ष विजयी शाहीले बताए।

करिब २४ रोपनी क्षेत्रफलमा दुई सय घर भएको सुकुम्बासि बस्तीको संरक्षण गर्ने अभियान अर्न्तगत शुक्रबार डोजर लगायर बस्ती संरक्षणको लागि काम अघि बढाएको अध्यक्ष शाहीले बताए । सेतीनदीमा रहेको अव्यबस्थित ढुंगाहरुलाई बस्तीको संरक्षण गर्न डोजर लगायर ढुंगाहरु बस्तीको छेउछाउमा राखिने उनले जनाए । उक्त सेतीनदी किनारामा डोजर संचालनको लागि पोखरा



महानगरपालिकाले तीन दिनको मात्र समय सिमा दिएकोले महानगरको सिमा भित्र नदीमा असर नपर्ने गरी बस्ती संरक्षण गरिने भएको भएको अध्यक्ष शाहीले जनाए। विगत १३ बर्ष देखि विभिन्न जिल्लाका मजदुहरुले शान्ति टोलमा आश्रय स्थलको रुपमा बस्दै आएको हुदा सेतीनदीको जोखिम उच्च रहेकोले थप बस्ती संरक्षणमा सरकारको ध्यान जानु पर्ने संस्थाका सल्लाहकार राम बहादुर अधिकारीले बताए। पोखरा महानगरपालिका वडा नम्बर एक, महानगरपालिकाको अनुमति लियर मात्र आफुहरुले बस्ती संरक्षणमा सेतीनदी खोलालाई असर नपर्ने गरी खेलौटे ढुंगाहरु संकलन गरी बस्ती संरक्षण अभियानमा लागेको उनले बताए । यसैबिच, गण्डकी प्रदेशका सांसद रामजी प्रसाद बराल (जीवन) ले शुक्रबार सेतीनदीको जोखिममा रहेको शान्ति टोलको बस्ती अवलोकन गरेका छन्। सेतीनदीबाट आवश्यकता भन्दा बढी प्राकृतिक श्रोत ढुंगा, वालुवा निकाल्दा सेतीनदीको गहिराई बढेकोले बस्ती समेत जोखिम भएको हुन सक्ने सांसद बरालले बताए।

त्यस्तै सांसद बरालले हाल निर्माण हुदै गरेको गाईघाट शवदाह तथा चित्ता स्थलको अवलोकन समेत गरेका छन्। राज्यको सम्पत्ति सदुपयोग हुने गरी सेतीनदी किनारामा हुने संरचना निर्माणमा ध्यान दिन उनले आग्रह गरे । २६ लाखको लागतमा ४ वटा शवदाह स्थल सहितको संरचना निर्माण कार्य हालै सुरु गरिएको गाईघाट शवदाह तथा चित्ता स्थल निर्माण समितिका अध्यक्ष इश्वरीलाल श्रेष्ठले बताए। गत बर्षको बर्षादले घाइघाट जाने बाटो समेत भत्काएकोले हाल उक्त क्षेत्रमा बाटो सहितको शवदाह स्थल सहितको भौतिक संरचना निर्माण गर्न लागिएको उनले जनाए।

## मेलम्चीको साढे आठ करोड लिटर पानी उपत्यकावासीका धारामा

**रासस**
**काठमाडौं, २० चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले उपत्यकामा पानीको स्रोत प्रदुषित भएका बेला मेलम्चीको पानी वितरण भएपछि स्वच्छ खानेपानीको सेवा उपलब्ध भएको बताउनुभएको छ।

मेलम्चीको पानी औपचारिक रूपमा वितरण सुरु गर्न आज खानेपानी मन्त्रालयले भृकुटमण्डपमा आयोजना गरेको कार्यक्रममा उहाँले तीन ढुङ्गेधाराबाट पानी खोली शुभारम्भ गर्नुभएको हो । मेलम्चीको पानीले जमिनमुनिको पानी कम दोहन गर्नसमेत सहयोग मिलेको उहाँले बताउनुभयो । मेलम्चीबाट आउने स्वच्छ पानीले उपत्यकावासीमा राहत मिलेको उल्लेख गर्नुहुँदै राष्ट्रपति भण्डारीले पानीका स्रोत संरक्षणसँगै वायु प्रदुषण कम गर्न सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । "प्रधानमन्त्री भएका बेला कृष्णप्रसाद भट्टराईले सार्वजनिक प्रतिबद्धता जाहेर गर्नुभएपछि चर्चामा आएको मेलम्ची खानेपानी आयोजना वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका पालामा सम्पन्न भएको छ, पानी र जीवनबीच अभिन्न सम्बन्ध रहेकाले पहिलो चरणको मेलम्ची सम्पन्न हुँदा उपत्यकावासीलाई केही राहत भएको छ, दोस्रो चरणको काम पनि यथासम्भव छिटो सम्पन्न हुनुपर्छ", उहाँले भन्नुभयो।

केही जनसङ्ख्या स्वच्छ खानेपानीको सेवाबाट अझै बञ्चित रहेकाले त्यसको व्यवस्थापनमा पनि सरोकार भएका निकायको ध्यान जानुपर्ने राष्ट्रपति भण्डारीको भनाइ थियो । मेलम्चीको पानी राजधानी आएसँगै जमिनमुनि पानी पुनर्भरणमा समेत ध्यान दिन पनि उहाँले सरोकार भएका निकायलाई निर्देशन दिनुभयो। पानीका विषयमा आवश्यक अध्ययन अनुसन्धान गर्न त्रिभुवन विश्वविद्यालयलगायत शैक्षिक संस्थालाई प्रोत्साहन गरिनुपर्ने राष्ट्रपति भण्डारीले बताउनुभयो।

यही चैत १५ गतेदेखि उपत्यकाका केही भागमा पुरानो प्रणालीअनुसार राजधानीमा चार करोड लिटर पानी हालेर परीक्षण सुरु गरिएको थियो । परीक्षण सफल भएपछि आजदेखि साढे आठ करोड लिटर पानी परीक्षण सफल भएको क्षेत्रमा वितरण गरिएको हो । पानी वितरण गर्न उपत्यकामा नौ पोखरी निर्माण सम्पन्न भएका छन्। एक पोखरी हाल निर्माण भइरहेको छ। गत फागुन १० गते सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका वडा नं. १ अम्बाथानस्थित सुरुङबाट हालिएको पानी २६.५ किमी दूरी पार गर्दै फागुन २२ गते सुन्दरीजल आइपुगेको थियो।

पहिलो चरणमा सुरुङमा प्रतिसेकेण्ड २६० लिटर पानी हालेर परीक्षण गरिएको थियो । महाशिवरात्रिका अवसरमा दुई दिन मेलम्चीको पानी वाग्मतीमा बगाएर पशुपतिनाथ दर्शन गर्न आउने भक्तजनलाई स्नान गर्ने अवसरसमेत दिइएको थियो। मेलम्ची खोलाबाट दैनिक १७ करोड लिटर पानी राजधानी ल्याइने भए पनि परीक्षणका क्रममा रहेकाले आजदेखि साढे आठ करोड लिटर पानी वितरण गरिएको छ। केही दिनमा १७ करोड लिटर नै पानी वितरण गरिने मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। दोस्रो चरणमा याङ्री र लार्केको १७ करोड लिटर पानीसमेत राजधानी ल्याइने योजना छ।

## नवजात शिशु हत्या अभियोगमा महिला पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

आफ्नै नवजात शिशुको कर्तव्य गरी हत्या गरेको अभियोगमा कास्कीमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बागलुङ ढोरपाटन नगरपालिका-३ घोसाखानी घर भई हाल अन्नपूर्ण गाउँपालिका-२ नौडाँडा बस्ने २२ वर्षीया गीता कुँवर सुनार रहेकी छन्। कुँवरले ४२ दिनको आफ्नै नवजात शिशुलाई कर्तव्य गरी मारेको अभियोगमा बिहीबार पक्राउ गरी कर्तव्य ज्यानसम्बन्धी कसुर अन्तर्गत थप अनुसन्धानको कार्य अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिए । उनका अनुसार उनलाई कर्तव्य ज्यानसम्बन्धी कसूर अन्तर्गत शुक्रबार जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ।

## आयोजक सहारा क्लव र एपिएफ बिच उद्घाटन खेल हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

पोखरामा शनिबारदेखि संचालन हुने १९ औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक सहारा क्लव र विभागिय टोली शसस्त्र प्रहरी वलको एपिएफ बिच हुने भएको छ।

पोखरा रंगशालामा दिउँसो १:०० बजे औपचारिक उद्घाटन भएसंगै उद्घाटन खेल हुने भएको क्लवले जनाएको छ। मकवानपुरको फापरवारीमा भएको खेलमा थ्रिस्टार संग अन्तिम १० मिनेटमा सम्हालिन नसक्दा २–० को हार व्यहोर्दै पोखरा आएको एपिएफले आयोजक सहारासंग जित्ने रणनितीका साथ खेल्ने भएको प्रशिक्षक कुमार थापाले बताए। लिगका हाइस्कोरर आसीस लामा, सागमा सहभागि राजीप लोप्सन, पूर्व राष्ट्रिय खेलाडी नविन लामा सहितको अनुभवी एवं युवा खेलाडीहरु आफुहरुसंग रहेको थापाले बताए । सहारा क्लवले पनि स्थानिय तथा अनुभवी खेलाडीहरु समेटेर तयारी गरेकोले उद्घाटन खेल जित्ने लक्ष्य राखेको प्रशिक्षक बिष्णु गुरुङले बताए। पोखराको सहारा क्लवको आयोजनामा चैत २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगिताको उद्घाटन राखेप सदस्य सचिव रमेशकुमार शिलवालले गर्ने तय गरिएको क्लवले जनाएको छ । कोरोनाबाट बच्न र बचाउन आवश्यक स्वास्थ्य मापदण्ड पालना हुने गरी सुरुमा ५० प्रतिशत मात्र सिट क्षमताको आधारमा दर्शक सिट प्लानिङ गरिएको सहारा क्लवका अध्यक्ष केशव बहादुर थापाले बताए । प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता हुने भएको छ। प्रतियोगिताको विजेता टोलीले उपाधि सहित १० लाख १ हजार साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ। उपबिजेता हुने टोलीले ट्रफीको साथमा ५ लाख १ हजार रुपैया साथमा मेडल प्रमाण पत्र प्राप्त गर्ने भएको छ। गत वर्षको विजेता मनाङ्ग मर्यास्याङ्गदी क्लब हो भने उपविजेता नेपाल पुलिस क्लब रहेको थियो । "आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ।

## पर्यटन प्रबर्द्धन गर्न चितवनबाट मोटर र्‍याली पोखरा हुँदै मुक्तिनाथ यात्रामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

आन्तरिक पर्यटन प्रर्वद्धन गर्न चितवनबाट पोखरा हुदै मोटर र्‍याली मुक्तिनाथ यात्रामा निस्केको छ।

नेपाल अटो मोबाइल एसोसिएसन बागमती प्रदेश र चितवन अटोमोबाइल डिलर्स एसोसिएसनको संयुक्त आयोजनामा २ दिने मोटर र्‍यालीमा सहभागी एक टोली मुक्तिनाथ प्रस्थान गरेको छ । पर्यटन प्रबर्द्धन सहित मोटर खेलको विकास र सुरक्षित यात्राको जनचेतना फैलाउने उद्देश्यका साथ पोखरा आएको टोलीलाई पोखरामा स्वागत गरिएको छ। नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशको समन्वयमा पोखराका पर्यंटन व्यवसायीहरुले समेत मोटर र्‍यालीमा सहभागी टोलीलाई पोखराको जिरोकिलोमिटरमा स्वागत सहित सफल यात्राको कामना समेत



गरेको नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश कार्यालय प्रमुख काशीराज भण्डारीले बताए।

चितवनबाट पोखरा हुदै मुक्तिनाथ मन्दिरसम्मको यात्रामा निस्केको टोलीलाई हौसला स्वरुप पोखरामा स्वागत सत्कार गरिएको उनले जनाए। नेपाल अटोमोबाइल एसोसिएसन बागमती प्रदेश अध्यक्ष एवं कार्यक्रम संयोजक राजन पिया सहितको टोलीलाई प्रमुख भण्डारी सहित आन्तरिक पर्यटन पुनःउत्थान समिति गण्डकी प्रदेश संयोजक अग्नी कंडेल, टेसा पोखराका अध्यक्ष नारायण सापकोटा, पर्यटन व्यवसायी रामचन्द्र शर्मा लगायतले खादा लगाएर स्वागत गरेका थिए।

चितवनबाट पहिलो पटक चितवन मुक्तिनाथ मोटर र्‍याली आयोजना गरिएको संयोजक पियाले बताए । चितवनको भरतपुरबाट सुरु भएको र्‍याली मुग्लिन, पोखरा, बेनी, लेते, मार्फा, जोमसोम हुदै मुक्तिनाथसम्म पुग्ने भएको छ भने केही लोमान्थाङ सम्म जाने भएको संयोजक पियाले जनाए । र्‍यालीमा २४ वटा सवारी साधनमा करिब १ सय जना सहभागी भएको आयोजकले जनाएको छ।

चितवनको देउघाट देखि विश्व चर्चीत धार्मिक तिर्थ स्थल मुक्तिनाथ मन्दिरसम्म जोड्न पनि उक्त कार्यक्रमले थप टेवा पुग्ने उनले विश्वास व्यक्त गरे। उक्तः र्‍यालीको भरतपुर महानगरपालिकाका प्रमुख रेणु दाहालले शुभारम्भ गरेकी थिइन्। सन् २०२२ मा मुस्ताङको लेते माथि कालापानीमा अन्तराष्ट्रिय जिम खाना (गाडी घुमाउने चलाउने) हुने भएकोले त्यसको पूर्व अवसरमा फिल्ड भिजिट समेत भएको पियाले बताए।




# रेडियो अन्नपूर्णको आयोजनामा शनिबार हुने १९ औं रक्तदानको सम्पूर्ण तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

रेडियो अन्नपूर्णको आयोजनामा चैत २१ गते शनिबार हुने १९ औं वृहत रक्तदान कार्यक्रमको सम्पुर्ण तयारी पुरा भएको छ।

कोभिड महामारीका बिच हुने रक्तदान कार्यक्रममा सम्पूर्ण स्वास्थ्य सुरक्षाको व्यवस्थापनका साथमा रक्तदान कार्यक्रम सञ्चालन हुने स्टेशन म्यानेजर संजयकुमार मल्लले बताए। रेडियो अन्नपूर्णको परिसरमा शनिबार बिहान ७ बजे बाट शुरु हुने र दिउसो १ बजे सम्म रक्तदान कार्यक्रम जारी रहने कार्यक्रको सम्पुर्ण तयारी पुरा भएको संयोजक दीननाथ बरालले बताए । रेडियोले बिभिन्न संघ सस्था सगँको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरेको हो । यस्तै रक्तदान गर्ने हरुको अग्रिम नाम टिपाउने क्रम पनि जारी रहेको छ। जस अर्न्तरगत रेडियो अन्नपूर्णको तर्फबाट कार्यक्रम संयोजक दीननाथ बराल, संघसंस्था परिचालन संयोजक आरजुबिष्टशल्यानी, प्रचार संयोजक सन्तोष बस्याल प्राविधिक संयोजक नारायण कुँइकेल, रेडियोकामार्केटिङम्यानेजरनारायण पौडेल, रेडियोअन्नपूर्णकर्मीबासुदेव मिश्र, सविन रेग्मी, अरबिन विक्रम राणा, सुदीप पौडेल, निशा भारती, एलिजा क्षेत्री, हरी थापा, मीना थापा, स्वयम् सेवक परिचालन संयोजक कविता श्रेष्ठ, मार्केटिङ म्यानेजर निराजन पौडेल लगायातका रहेका छन्।

त्यसैगरी कास्की नेत्रहीन संघको तर्फबाट संघका अध्यक्ष श्रीकान्त सापकोटा, उपाध्यक्ष अमृत बराल, सचिव कुसलराज पौडेल, कोषाध्यक्ष सम्राट गौतम, सहसचिव एवं पूर्व रेडियो अन्नपूर्णकर्मी सुनिता ज्ञवाली, अन्य सदस्यहरुमा डा.शरद कोइराला, उमनाथ अधिकारी, तिलमाया विक, अक्षय खड्की, हरी केसी, अधिवक्ता बिष्णु खनाल, शान्ती केसी, गण्डकी प्रदेश नेत्रहीन संघका अध्यक्ष लक्ष्मण सुवेदी लगायतले रक्तदान गर्ने भएका छन्। त्यसैगरी चियादानि पोखराको तर्फ बाट १५ जना युवाहरुको सहभागिता रहने छ।

रेडियो अन्नपूर्णको १९ औं रक्तदान कार्यक्रम सफल पार्न प्राइम सहकारी संस्था लि. पोखरा र नेपाल इन्स्यारेन्स प्रोफेशनल सोसाइटी (निप्स) पोखरा च्याप्टरले सहकार्य गरेको छ। यस्तै विशेष सहयोगीमा सपना आयूर्वेद प्रा.लि., लायन्स क्लव अफ पोखरा गण्डकी दोभान (पोखरा), पोखरा इन्टरनेट प्रा.लि, लायन्स क्लव अफ पोखरा सेन्टिनियल पोखरा, एरोलाइट एएसी ब्लक, एक्टिभ इन्स्टीच्यूट अफ इन्फरमेसन टेक्नोलोजी चिप्लेढुङ्गा, बाजेको माछा महल शान्तिनगरचोक, व्याम्बो क्याटरीङ्ग सर्भिस ड्यामसाइड, कास्की नेत्रहीन संघ रहेको छ। प्रायोजन तर्फ डावर नेपाल प्रालिले जुस, आर.एल.पी अण्डा सप्लार्यसका संचालक राजु पौडेलले अण्डा, पोखरा फ्रुट सेन्टर काठमाण्डौंका संचालक अमर बानीयाले फलफूल, नेलम्वो नेपाल पोखरा ४ गैह्रापाटनले माक्स सेनीटाइजर, न्यू राष्ट्रियता छापाखाना भिमसेन टोल पोखराले प्रमाणपत्र छपाई, पेनगुइन मिनरल वाटर पोखरा २५ हेम्जाले पानी, तालवाराही फार्मेसी र परिचित मेडिकल गैह्रापाटन पोखराले मेडिकलसामग्री, गण्डकीधौलागिरी पेट्रोलियम डिलर एशोसियसन र कृषि विकास बैंकका महेश पौडेल रहेका छन्।

# प्रविण स्मृति कार्यक्रममा सष्टा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**




लोक गायक स्वः प्रविण गुरुङको स्मृतिमा शुक्रवार एक कार्यक्रमका बीच उनको जन्म गाउँ अन्नपूर्ण-६ लुम्लेमा सष्टा सम्मान गरिएको छ।

सो अवसरमा बाटुलेचौर निवासी स्वः धनबहादुर गायकलाई मरणोप्रान्त तथा लेकाली व्याण्डका भोकलिष्ट अन्नपूर्ण निवासी नविन गुरुङ र गायक जीवन दाहाललाई सम्मान गरियो। उनीहरु नगद सहित दोसल्ला र सम्मानपत्रले सम्मानित भए।कार्यक्रमका बीच गाउँपालिका अध्यक्ष युवराज कुँवरले स्वः गुरुङको अर्धकदको शालिकको अनावरण पनि गरे।

लुम्ले स्थित रिनी म्यु (दिदीबहिनी दाजुभाई) समाजको आयोजना तथा गाउँपालिकाको विशेष सहयोगमा कार्यक्रम गरिएको हो । त्यस अवसरमा धारणा राख्दै गाउँपालिका अध्यक्ष कुँवरले अन्नपूर्ण पर्यटनको राजधानी भए जस्तै संस्कार र संस्कृतिको पनि राजधानी बनाउन पहल भइरहेको बताए। उनले भने वैज्ञानिक, कलाकार र खेलाडीलाई सबैले चिन्छ त्यसैले पालिकाले उनीहरुको बृद्धि विकासमा सहयोग पनि गर्दछ। अध्यक्ष कुँवरले सानोमा आफूले बस्तुभाउ चराउन जादाँ रेडियोमा स्वः गुरुङका गीत सुनेको स्मरण पनि गरे।

त्यस अवसरमा वडाध्यक्ष चित्रबहादुर गुरुङ, समाजका अध्यक्ष टेकबहादुर गुरुङ, सचिव राजु गुरुङ लगायतले पनि गीत संगितको क्षेत्रमा स्वः गुरुङको योगदान बारे चर्चा गरे । कार्यक्रम अर्न्तगत शुक्रवार कलाकार प्रजापति पजाजुली, जीवन दाहाल, शंकरविरही गुरुङ, कृष्ण अखेली, तारापति सुवेदी, सविना गुरुङ, शिवहरी ढुङ्गाना, टेक क्षेत्री, प्रेमराज अधिकारी, अम्बिका भण्डारी, सरिता अधिकारी, स्थानीय जागृति आमा समूह, शिव शक्ति भजन मण्डली, प्रगति आमा समूहले प्रस्तुति राखेका थिए। प्रविण गुरुङ स्मृति प्रतिष्ठान गठन गर्ने, गुरुङको शालिकको संरक्षण र व्यवस्थापन गर्ने, स्वदेश तथा विदेशमा गुरुङलाई चिनाउने मुल उद्देश्य राखी कार्यक्रम गरिएको हो । कार्यक्रम अर्न्तगत दोस्रो गाउँ स्तरीय पुरुष भलिवल प्रतियोगिता सुनगाभा कप पनि भइरहेको छ।

# परिवर्तनको प्रक्रिया उल्ट्याउन खोजियो : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २० चैत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताको सात दशकदेखिको सङ्घर्षबाट प्राप्त उपलब्धि उल्ट्याउन खोजिएको बताएका छन्।

पछिल्ला दिनमा केही मानिसले देखाएको व्यवहार चरम निरङ्कुश भएको टिप्पणी गर्दै उनले परिवर्तनले स्थापित गरेका मूल्य तथा मान्यता उल्ट्याउन भइरहेको प्रयास जनताले परास्त गर्ने उल्लेख गरे। प्राध्यापक माणिकलाल श्रेष्ठको श्रद्धाञ्जलीसभालाई आज यहाँ सम्बोधन गर्दै अध्यक्ष दाहालले भने, "नेपाली जनताको सात दशक लामो सङ्घर्षबाट प्राप्त उपलब्धिलाई उल्टाउन खोजिँदैछ।" उनले लोकतन्त्रका मूल्य मान्यता र आन्दोलनका उपलब्धि, शहीदले बगाएको रगतलाई अपमान गर्ने र समाजलाई नकारात्मक दिशातिर लैजाने प्रयास भएको बताए।

अध्यक्ष दाहालले गत पुस ५ गते संसद् विघटन गरेर त्यसको सङ्केत दिएको भन्दै आन्दोलनको बलमा संसद् पुनःस्थापना भए पनि खतरा अझै टरिनसकेको स्पष्ट पारे। उनले नियम, मूल्य र मान्यताले काम नगर्ने तर सेटिङले काम गर्ने विडम्बनाको सामना गर्नुपरिरहेको भन्दै यस्तो अवस्थामा श्रेष्ठको जीवनबाट शिक्षा लिने बेला भएको बताए। प्रतिगमनका विरुद्ध एक भएर जान र आवश्यक परे आन्दोलन गर्न पनि पछि पर्न नहुने उनको भनाइ थियो।

# अन्नपूर्णमा स्रष्टा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

कास्कीको अन्नपूर्ण गाउँपालिकामा साङ्गीतिक क्षेत्रमा योगदान पुर्‍याउने विभिन्न व्यक्तिलाई सम्मान गरिएको छ।

वरिष्ठ लोकगायक स्व प्रवीण गुरुङको स्मृतिमा गाउँपालिकाको सहयोग एवं रि नि म्यू तमु ट्हो धिं(समाज) द्वारा शुक्रबार अन्नपूर्ण-६ लुम्लेमा आयोजित खुल्ला दोहोरी गीत प्रतियोगिता, स्रष्टा सम्मान एवं् विविध कार्यक्रमका अवसरमा स्व धनबहादुर गायकलाई मरणोपरान्त सम्मानका साथै गायक जीवन दाहाल र लेकाली ब्याण्डका नवीन गुरुङलाई सम्मान गरिएको हो । उनीहरूलाई गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले नगदसहित सम्मानपत्र र दोसल्लाबाट सम्मान गर्नुभयो । कार्यक्रममा गाउँपालिका अध्यक्ष कुँवरले साङ्गीतिक क्षेत्रमा गरेको योगदानलाई कदर गर्दै स्रष्टासम्मान गरिएको जनाउँदै यस कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइने बताए । गाउँपालिकाले स्व प्रवीण गुरुङले गायनका क्षेत्रमा पुर्‍याउनुभएको योगदानलाई जीवन्त राख्न स्व प्रवीण गुरुङ स्मृति पार्क र अर्धकदको सालिक निर्माणका लागि सहयोग गरेको उहाँले बताउँनुभयो । विश्वमा ठूलो जनसङ्ख्या खान नपाएर मरिरहेको अवस्थालाई दृष्टिगत गर्दै गाउँपालिकाले खाना नफालौं अभियानलाई अघि बढाएको उहाँले जानकारी दिए। कार्यक्रममा रि नी म्यु तमु ट्हो धिं(समाज)का अध्यक्ष टेकबहादुर गुरुङ, सचिव राजु गुरुङ, वरिष्ठ कलाकार प्रजापति पराजुलीलगायतले स्व प्रवीण गुरुङले गायनका क्षेत्रमा पुर्‍याउनुभएको योगदानको चर्चा गरिन। उक्त अवसरमा स्व प्रवीण गुरुङको अर्धकदको सालिक गाउँपालिकाका अध्यक्ष कुँवरले अनावरण गरे । शनिबारसम्म चल्ने कार्यक्रमअन्तर्गत खुल्ला दोहोरी गीत प्रतियोगिता, दोस्रो गाउँस्तरीय भलिबल प्रतियोगितासहित विभिन्न सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ।

# भारतमा कोरोनाबाट एकैदिनमा ८१ हजार संक्रमित, ४६९ जनाको मृत्यु

**रासस**
**काठमाडौं, २० चैत**

भारतका कोरोना भाइरसबाट सङ्क्रमित र मृत्यु हुनेको सङ्ख्या दिन प्रतिदिन तीव्र रुपमा बढ्दै गइरहेको छ।

सरकारी अधिकारीले शुक्रबार दिएको जानकारी अनुसार भारतमा एकै दिनमा थप ८१ हजार ४६६ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्।

त्यसैगरी ४६९ जनाको पछिल्लो २४ घण्टामा कोरोनाकै कारण मृत्यु भएको पनि अधिकारीले जनाएका छन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या एक करोड २३ लाख तीन हजार १३१ पुगेको छ। भारतमा कोरोनाभाइरसबाट मृत्यु भएकाहरुको कूल सङ्ख्या भने एक लाख ६३ हजार ३९६ पुगेको पनि अधिकारीहरुले जानकारी दिएका छन्। भारतमा अहिले पनि छ लाख १४ हजार ६९६ जना कोरोनाबाट सङ्क्रमित अवस्थामै रहेका छन् । सङ्क्रमित र मृतकहरुको सङ्ख्या दिन प्रतिदिन बढ्दै गए पनि राजधानी दिल्लीमा भने लकडाउन लागू गर्ने कुनै योजना नरहेको मुख्यमन्त्री अरविन्द केजरीवालले बताउनुभएको छ। महामारी फैलिँदै गएकाले फेरि लकडाउन लागू हुने आशङ्का र चर्चा चलिरहेका बेला शुक्रबार उहाँले लकडाउन लगाउने योजना नरहेको स्पष्ट पार्नुभएको हो।


फागुनदखि बैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्न, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशिल बस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं। केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्न यस्ता कुराहरुबाट सजग हुन जनचेतना बढाउने कार्यमा सहयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


# सृजना मा.वि.मा शिक्षक उत्प्रेरणा कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

पोखरा-८, सृजनाचोकमा अवस्थित सृजना आवासीय मा.वि.ले यही चेत्र २० गते शुक्रबारका दिन शिक्षक उत्प्रेरणा कार्यक्रम सम्पन्न गरेको छ। शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गराउने उद्देश्यका साथ जीवन विज्ञान एवम् खुसी विज्ञानसँग सम्बन्धित विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।




जीवन विज्ञान गण्डकी प्रदेशका संयोजक शंकर पोखरेलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । विद्यालयका प्रचार्य डोलराज पाण्डेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका सम्पूर्ण शिक्षक शिक्षिकाहरूको सक्रिय सहभागिता रहेको थियो। प्राचार्य डोलराज पाण्डेले समग्रमा कार्यक्रम फलदायी एवम उत्साहपूर्ण रूपमा सम्पन्न भएको उल्लेख गर्दै कार्यक्रममा सिकेका ज्ञान, सिप र प्रविधिलाई व्यवहारिक जीवन तथा पठनपाठनको कार्यमा लागु गर्नुपर्ने कुरामा जोड दिनुभएको कुरा विद्यालयले जनाएको छ।





कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था

**पोखरापत्र संवाददाता**
**पर्वत, २० चैत**

पर्वतका २८८ सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम शुरु गरिएको छ। विद्यालयमा नै खाजा खान पाएपछि विद्यालयप्रति विद्यार्थीको आकर्षण बढ्नुका साथै पढाइमा पनि सुधार आउन थालेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आर्थिक सहयोगमा जिल्लाका सात स्थानीय तहमा रहेका ६१ वडाका २८८ सामुदायिक विद्यालयमा अहिले दिवा खाजा कार्यक्रम शुरु भएको छ। बालबालिकाले दिउँसोको समयमा विद्यालयमै दिवा खाजा खान पाएपछि उनीहरूको विद्यालयप्रति आकर्षण बढ्नुका साथै र पढाइमा समेत उल्लेख्य सुधार आएको दाबी गरिएको छ।

जिल्लाको महाशिला गाउँपालिका-५ लुङखुमा रहेको महेन्द्र ज्योति माविको कक्षा ५ मा अध्ययनरत छात्रा निशा अधिकारीले भन्नुभयो, "बिहान हतारहतार गरेर विद्यालय आउनुपर्छ अनि मध्याह्नको खाजा खाने समयमा भोक लाग्न शुरु हुन्छ, भोक लागेपछि पढाइ छाडी घर जान मन लाग्थ्यो, अहिले त्यो भोक लाग्ने समय विद्यालयमै खाजा खान पाउँदा सजिलो भएको छ।" दिउँसो भोक लागेपछि पढाइ छाडेर खाजा खानकै लागि घर जाने अधिकांश विद्यार्थीले अहिले विद्यालयमै खाजा खान पाउने आशाले पूरा विषय पढ्न थालेपछि पढाइमा पनि निकै सुधार आएको विद्यालका प्रध्यानाध्यापक गोपालप्रसाद अधिकारीले बताउनुभयो। उहाँका अनुसार पालिकाबाट प्रतिविद्यार्थी रु १५ का दरले रकम आउने गरेको छ। सो रकमबाट विद्यार्थीले हरेक दिन विभिन्न परिकारका खाजा खाने गरेको उहाँले बताउनुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालयका बालबालिकाको दिवा खाजा कार्यक्रमको रकम पालिकाको खातामा पठाउने र पालिकाले रकम सिधै विद्यालयको खातामा राख्दै आएपछि विद्यार्थीलाई दिवा खाजा खुवाउने कार्यक्रम शुरु भएको महाशिला गाउँपालिकाका प्रवक्ता जीवन उचै ठकुरीले बताउनुभयो।

जिल्लाका सात पालिकाका झण्डै २८८ विद्यालयमा दिवा खाजा शुरु भएको शिक्षा विकास तथा समन्वय एकाइ पर्वतले जनाएको छ। समन्वय एकाइ प्रमुख उद्दिमराज पौडेलका अनुसार यो कार्यक्रम लागू भएपछि पहिला विद्यालय छाडेका विद्यार्थी पनि विद्यालय भर्ना भएका छन् भने विद्यालय छाड्नेको सङ्ख्या निकै घटेको छ। जिल्लाका सबैजसो सामुदायिक विद्यालयमा यो अभियान थालिए पनि गुणस्तरीय खाजा खुवाएका छन् या छैनन् भन्नेबारेमा भने चुनौती छ। स्थानीय तह र जनप्रतिनिधिले नियमितरूपमा विद्यालयमा अनुगमन गर्नुपर्ने पौडेलले बताउनुभयो।

# साढे दुई करोडको पहुँचमा इन्टरनेट

**रासस**
**काठमाडौं, २० चैत**

नेपालमा साढे दुई करोड जनसङ्ख्याको पहुँचमा इन्टरनेटको पहुँच पुगेको पाइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पछिल्लो सात महिना (साउन-माघ) को तथ्याङ्कअनुसार नेपालमा दुई करोड ५४ लाख १९ हजार बढी जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवा पुगेको हो।

गत पुस महिनाको तुलनामा माघ महिनामा छ लाख ८३ हजार बढी इन्टरनेट प्रयोगकर्ता थपिएका छन्। गत पुस महिनासम्म कूल दुई करोड ४७ लाख ३५ हजार ६५० जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको छ। कूल जनसङ्ख्याको ८४ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ। प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर उक्त प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ। प्राधिकरणका अनुसार सबैभन्दा धैरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। माघसम्म मोबाइल इन्टरनेटको हिस्सा ६१ दशमलव ४७ प्रतिशत छ। एक करोड १३ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धैरै नेपाल टेलिकमको ८६ लाख ६० हजार र एनसेलको २४ लाख ९१ हजार रहेको छ। त्यस्तै फोरजी प्रयोगकर्ता ७० लाख ९२ हजार र इभिडियो प्रयोगकर्ता एक लाख ३६ हजार ५७३ छन्।

फोरजी प्रयोगकर्तामध्ये सबैभन्दा धैरै एनसेलका छन्। माघ मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४३ लाख २५ हजार ९३६ रहेका छन्। नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २५ लाख ४४ हजार ७२४ र स्मार्ट टेलिकमका दुई लाख २२ हजार छन्। फिक्स ब्रोडब्याण्डको हिस्सा २१ दशमलव ८५ प्रतिशत छ। यसमा एडिएसएलका आठ लाख ३७ हजार र एफटिटीएच इन्टरनेट प्रयोगकर्ता ५७ लाख ६८ हजार छन्।

# जन्मदिनका अवसरमा मृगौला पीडितलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

नेपाल विद्यार्थी संघ तनहुँका सभापति एवम् नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि चुडामणि खनालले आफ्नो जन्मदिनको अवसरमा मृगौला पीडितलाई सहयोग गर्नुभएको छ।

खनालले भिमाद नगरपालिका वडा नं २ रघु निवासी मृगौला पीडित जयराम थापालाई २० हजार रुपैयाँ सहयोग गर्नुभएको हो। एक कार्यक्रमकाबीच सहयोग सङ्कलन समितिका संयोजक बिरामीका नातेदार मोहनसिंह थापालाई रकम हस्तान्तरण गर्दै खनालले समाजमा निशुल्क स्वास्थ, शिक्षा जस्ता आधारभूत कुराको सुनिश्चिततालाई प्राथमिकतामा राख्दै आँफू राजनीतिमा लागेको स्पष्ट पार्नुभयो। खनालले यस अघि पनि कोरोना महामारीका समयमा पीडितलाई राहत तथा सहयोग गर्नुका साथै समाजका विपन्न तथा असहायलाई जन्मोत्सव लगायतका विभिन्न सन्दर्भमा सहयोग गर्दै आउनुभएको छ।



# दमौली खानेपानीद्वारा नगर विकासलाई रु नौ करोड भुक्तान बाँकी

**-कृष्ण न्यौपाने**
**दमौली, २० चैत**

तनहुँको सदरमुकाम दमौलीमा खानेपानी उपलब्ध गराउँदै आएको दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले नगर विकास कोषलाई रु नौ करोडभन्दा बढी रकम भुक्तानी गर्न बाँकी छ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत नगर विकास कोषले दमौली खानेपानीलाई ऋण उपलब्ध गराएकामा संस्थाले रु नौ करोड पाँच लाख ३७ हजार २६४ भुक्तानी गर्नुपर्ने देखिएको हो। विसं २०७० असार २० गतेको सम्झौताअनुसार नगर विकास कोषले संस्थालाई रु १२ करोड दुई लाख ७७ हजार १७४ ऋण दिएकामा रु दुई करोड ९७ लाख ३९ हजार ९०९ भुक्तान भइसकेको छ। साथै संस्थाले हालसम्मको रु एक करोड ९२ लाख ५२ हजार ७८८ ब्याज भुक्तानी गरिसकेको खानेपानी संस्थाका व्यवस्थापक अमर गिरीले जानकारी दिनुभयो। खानेपानी आयोजना निर्माणका क्रममा नेपाल सरकारको ५० प्रतिशतले हुन आउने रु १२ करोड ६७ लाख ३२ हजार २९६, उपभोक्ता संस्थाको रु १२ करोड ६७ लाख ३२ हजार २९६ लगानी गरिएको थियो। त्यसमध्ये पनि रु १२ करोड दुई लाख ७७ हजार १७४ संस्थाले र रु ६४ लाख ५५ हजार १२२ जनताबाट उठाइएको थियो। दमौली खानेपानी संस्थाले व्यास नगरपालिका-२, ३ र ४ मा खानेपानी सुविधा उपलब्ध गराउँदै आएको छ। यी तीनवटा वडामा तीन हजार ४०६ निजी धारा र १२० कार्यालय सङ्घसंस्था गरी तीन हजार ५२६ धारा जडान गरिएको छ। आयोजनाको मुख्य स्रोतहरू गुणादी वाराही मूल खानेपानी मुहानदेखि फिल्टर ट्याङ्कीसम्म ९.२ किमी, मादी नदी सम्वेलबाट बाघभञ्ज्याङ फिल्टर ट्याङ्कीसम्म ०.९५ किमी, बाघभञ्ज्याङबाट फिल्टर ट्याङ्कीबाट साँखरसम्म १.१९५ किमी र साँखरबाट शीतलचोक ट्याङ्कीसम्म ०.४४० किमी हुन्। आयोजनाअन्तर्गत दुईवटा इन्टेक, तीनवटा ग्रिट च्याम्वर, पाँचवटा पानीपोखरी, पानी प्रशोधन प्रणाली, २.६३ किमी मुख्य प्रसारण लाइन, ६२ किमी वितरण पाइप सञ्चालनमा रहेको छ।

मादी नदीबाट पम्पिङ प्रणालीबाट पानी तानेर फिल्टर गरी वितरण गर्ने उद्देश्यसहित विसं २०६९ पुस २० गते चार पक्षबीच सम्झौता भएको थियो। आयोजनाको निर्माण विसं २०७५ असार मसान्तमा सम्पन्न भएको थियो। हाल दमौली बजारमा दैनिक ३१ लाख लिटर पानी आवश्यक पर्ने भए पनि आवश्यकतानुसारको वितरण हुन नसकेको गिरीले बताउनुभयो। "केही हदसम्म खानेपानीको अभाव हटाउन यस आयोजनाले सहयोग गरे पनि पर्याप्त खानेपानी उपलब्ध गराउन सकिएको थिएन, अझै पनि मालपोत लाइन र देउरालीनगरमा पानी अभाव यथावत छ", उहाँले भन्नुभयो, "उक्त क्षेत्रमा सहजरूपमा खानेपानी उपलब्ध गराउन समिति लागिपरेको छ।"

संस्थाले ० देखि ७ युनिटसम्म न्यूनतम रु १०० महसुल दर निर्धारण गरेको छ। साथै आठदेखि १० युनिटसम्म प्रतियुनिट २५, ११ देखि १५ सम्म प्रतियुनिट रु ३०, १६ देखि २० सम्म प्रतियुनिट ३५, २१ देखि २५ सम्म प्रतियुनिट ४०, २६ देखि ३० सम्म प्रतियुनिट ४५ र ३१ माथि प्रतियुनिट रु ५० कायम गरिएको छ। संस्थाले व्यास नगरपालिका-२, ३ र ४ का सम्पूर्ण क्षेत्रमा खानेपानी सेवा सञ्चालनलाई निरन्तरताका दिनुका साथै गुणादी मुहानलाई व्यवस्थित गर्ने, जनसङ्ख्याको बढ्दो चापलाई मध्यनजर गर्दै बजारमा पर्याप्त खानेपानी उपलब्ध गराउन नयाँ स्रोतको खोजी गर्ने तयारी गरेको छ।

# भूकम्प प्रभावित ५६ विद्यालय भवनको पुनःनिर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० चैत**

म्याग्दीमा भूकम्पबाट क्षति पुगेका ५६ विद्यालय भवनको पुनःनिर्माण सम्पन्न भएको छ।

पछिल्लो पाँच वर्षको अवधिमा म्याग्दीमा ५६ वटा विद्यालय भवन पुनःनिर्माण सम्पन्न भएको हो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) का आयोजना प्रमुख तुलाराज चौलागाईले हालसम्म २२ वटा दुई कोठे, नौ वटा तीन कोठे र २५ वटा चार कोठे भवनको पुनःनिर्माण सम्पन्न भएको जानकारी दिनुभयो। "चालू आर्थिक वर्ष २०७७/७८ मा ३७ वटा चार कोठे, तीन वटा तीन कोठे, १० वटा दुई कोठे भवन निर्माणाधीन अवस्थामा छन्", उहाँले भन्नुभयो, "२२ वटा शौचालय र दुई वटा खानेपानी आयोजनाको निर्माण सकिएको छ। २८ शौचालय र २५ खानेपानीका योजना निर्माणाधीन अवस्थामा छन्।" उहाँका अनुसार कक्षाकोठा भवन पुनःनिर्माणमा रु २८ करोड ७४ लाख ६५ हजार १५३ खर्च भएको छ। यसैगरी शौचालयमा रु तीन करोड ६४ लाख, ६१ हजार ९२ र खानेपानी आयोजना निर्माणमा रु ५७ लाख ५० हजार ८२० खर्च भएको छ।

भूकम्पले क्षति पुगेका १०५ विद्यालयका ३४४ कक्षाकोठामध्ये १७१ को निर्माण सम्पन्न भइसकेका छन् भने १७३ कक्षाकोठाको निर्माण अन्तिम चरणमा पुगेका छन्। कतिपय विद्यालयमा दोस्रो चरणमा भवन निर्माण भइरहेको छ। सुविधा सम्पन्न भूकम्प प्रतिरोधी भवन निर्माण भएपछि पठनपाठन सहज र विद्यार्थीले सुरक्षित महसुस गरेका रितुङ माबी, रघुगङ्गा-८, घ्याँसीखर्कका प्रधानाध्यापक खिमबहादुर छन्त्यालले बताउनुभयो।

प्राधिकरणले चार कोठे भवनलाई रु ७० लाख ४० हजार, तीन कोठेलाई रु ३५ लाख ८० हजार, दुई कोठेलाई रु २३ लाख ९० हजार, शौचालयलाई रु १५ लाख र खानेपानी आयोजनालाई रु सात लाख ४० हजारका दरले अनुदान उपलब्ध गराएको छ। यो अनुदान रकम कर र आयोजना व्यवस्थापन खर्चसहित अधिकतम हो। टाढाका विद्यालयको ढुवानीले लागत बढ्ने र सुगमका विद्यालयमा ढुवानी कम हुनेगरी लागत अनुमान तयार पारिएको छ। वैदेशिक सहायता शीर्षकबाट दाताले प्रतिबद्धता जनाएको बजेट समयमा नआउँदा भवन निर्माण गरेको तीन महीनासम्म पनि भुक्तानी नपाएको कैलाश मावि दोवाका प्रअ शीरबहादुर गर्बुजाले बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिअन्तर्गत उपभोक्ता समितिमार्फत भवन निर्माण योजना कार्यान्वयन गर्ने कार्यविधि छ। गुणस्तरहीन निर्माण सामग्रीको प्रयोग, उपभोक्ता समितिले गर्नुपर्ने काम ठेकेदारलाई दिने र ढिलासुस्ती मुख्य विद्यालय भवन पुनःनिर्माणमा देखिएका चुनौती हुन्।

# बेनी-जोमसोम सिधा यातायात सञ्चालन

**पोखरापत्र संवाददाता**
**बेनी, २० चैत**

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा एक सातापछि सिधा यातायात सञ्चालन भएको छ।

सडकखण्डअन्तर्गत म्याग्दी र मुस्ताङको सीमा क्षेत्रमा पर्ने काभ्रेभिरमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा बनाउन गत चैत १४ गतेदेखि यातायात बन्द गरिएको थियो। जिल्ला प्रशासन कार्यालय मुस्ताङबाट अनुमति लिएर एक सातासम्म विस्फोटक पदार्थ प्रयोग गरी सडक फराकिलो बनाउने काम गरिएको हो। बन्द भएको सडक आजदेखि सञ्चालन भएको आयोजनाका सूचना अधिकारी अश्विनीकुमार यादवले जानकारी दिनुभयो। निर्माण कम्पनी शर्मा-गजुर मुखी जेभीले गत पुसदेखि पहाड काट्ने काम गर्दै आएको थियो। उहाँका अनुसार विस्फोटक पदार्थ प्रयोग गरी सडक चौडा बनाउने काम गरिए पनि पूरै भिरको काम सक्न भने केही महिना लाग्नेछ। एक हजार ६०० मिटर दूरीमा पहाड काट्नुपर्ने भएकाले सडक चौडा बनाउन लामो समय लाग्ने आयोजनाले जनाएको छ।

बेनी-जोमसोम सिधा सवारी सञ्चालन भएसँगै एक सातादेखि बेनी हुँदै जोमसोम र जोमसोमबाट बेनी हुँदै आवतजावत गर्ने पर्खाइमा रहेका यात्रुलाई सहज भएको छ। उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत ७६ किमी लामो बेनी-जोमसोम सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ।

करिब रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ देखि निमार्ण शुरु भएको हो। एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला सडक ग्राभेल गर्ने काम भइरहेको छ। करिडोरका अनुसार जोमसोम-कोरला सडकको सात प्याकेजमध्ये चार प्याकेजको काम निर्माण सकिएको छ। बेनी-जोमसोम सडकमा ६० प्रतिशत र जोमसोम-कोरला सडकमा ८५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाले जनाएको छ।

# बसाइँसराइ रोक्न नयाँ योजना

**-सानेबहादुर नेपाली**
**तनहुँ, २० चैत**

बसाइँसराइले गाउँ रित्तिँदै जान थालेपछि तनहुँको बन्दीपुर गाउँपालिकाले नयाँ योजना ल्याएको छ। सुविधा खोज्दै गाउँबाट शहर बसाइँसराइ गर्ने प्रक्रियाले गाउँ रित्तिँदै जान थालेपछि यसलाई रोक्न नयाँ योजना ल्याइएको हो।

गाउँमा रहेको सम्भावनालाई बुझ्न नसकी शहर केन्द्रित हुने प्रवृत्तिलाई रोक्न गाउँपालिकाले भौतिक पूर्वाधार निर्माणमा प्राथामिकता, होम स्टे सञ्चालन र सीपमूलक तालीमको व्यवस्था गर्दै आएको बन्दीपुर गाउँपालिकाले जनाएको छ। गाउँपालिका अन्तर्गतका ६ वटा वडामा दश वटा होम स्टे सञ्चालन हुँदै आएका छन्। सो गाउँपालिका-२ चण्डिनी पिपलथोकस्थित बन्दीपुर सामुदायिक होम स्टे २२ जना महिला मिलेर सञ्चालन गर्दै आएको होम स्टेकी सचिव माया सुनारले बताउनुभयो।

कोरोनाको न्यूनीकरणसँगै होम स्टेमा आन्तरिक पर्यटकको आर्कषण बढ्दै गएकोले थप हौसला मिलेको उहाँले बताउनुभयो। विशेषगरी उक्त होम स्टेमा क्याम्पसका विद्यार्थी, सहकारी संस्था, आमा समूह, कर्मचारी आउने गरेका छन्। आन्तरिक पर्यटकको चहलपहलमा वृद्धि हुँदै गए पनि बाह्य पर्यटक फाटफुट देखिन थालेको सचिव सुनारले बताउनुभयो। डेढ सयदेखि दुई सयसम्म पर्यटक राख्न सकिने क्षमताको होम स्टे रहेको र अहिले दैनिक ४० देखि ६० जनासम्म आन्तरिक पर्यटक आउने गरेको उहाँले बताउनुभयो। बेलुका खाना खानुअघि खाजा, खाना, बास, बिहान खाजा र खाना गरी रु ७०० को प्याकेज रहेको छ। वैशाख १ गते देखि प्याकेज शुल्कमा केही वृद्धि गर्ने योजना रहेको होम स्टे सञ्चालकहरूले बताएका छन्।

गाउँगाउँमा होमस्टे सञ्चालन गर्न थालेपछि महिला होम स्टेमा व्यस्त हुने र पुरुषहरू बाखा, कुखुरा, तरकारीलगायतका व्यावसायिक रूपमा लाग्न थालेपछि स्थानीयवासी स्वरोजगार बन्दै गएको होम स्टेकी अध्यक्ष दिलकुमारी रानाले बताउनुभयो।

होम स्टेमा आउने पाहुनालाई स्थानीयस्तरमा उत्पादित परिकारका खानाको स्वागत गर्नुका साथै कला नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गर्ने गरिएको उहाँले बताउनुभयो। त्यसैगरी बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना रहेको स्थल हो। मगर समुदायको बाहुल्यता रहेको उक्त रामकोटमा करीब एक सय घरधुरी रहेपनि अहिले तीस जना महिला मिलेर होम स्टे सञ्चालन गर्दै आएको रामकोट सामुदायिक होम स्टेकी अध्यक्ष बिहिसरा आलले बताउनुभयो। होम स्टे सञ्चालन गर्न थालेपछि उक्त क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहलमा उल्लेखनीय बढेपछिस्थानीयवासी खुशी हुन थालेका छन्। त्यसक्षेत्रमा जाने मोटरबाटो, बिजुली, खानेपानीलगायतका आधार भूत सेवा विस्तारका काममा प्राथामिकता दिइएको छ। रामकोट बन्दीपुर गाउँपालिकाको पुरानो ऐतिहासिकस्थलको रूपमा परिचित रहेकोले गाउँबाट शहर झर्ने प्रक्रियालाई रोक्न होम स्टे सञ्चालनको लागि पहल गरिएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो। गत वर्षदेखि उक्त स्थानमा होम स्टे सञ्चालनमा ल्याइएको हो। गाउँका तीस जना महिला मिलेर होम स्टे सञ्चालनमा ल्याउन थालेपछि आन्तरिक पर्यटकको चहलपहलमा वृद्धि हुँदै गएको छ। गतवर्ष नै होम स्टेको लागि गण्डकी प्रदेश पर्यटन मन्त्रालयबाट रु दश लाख विनियोजन गरिसकेको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : सम्मान मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बढ्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारिरीक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

**घर जग्गा खरिद बिक्री**
तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क : ९८५६०२०९४९ ९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
यस कम्पनीको मिति २०७७/०९/१५ मा सम्पन्न साधारण सभाको निर्णयले साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा साविक **सेन्सेइ जापानिज ल्याङ्‌वेज ईन्ष्टिच्युट प्रा.लि.(प्रा.लि.नं.१६२३०१)** को नाम परिवर्तन भई कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०९/२० को निर्णय बमोजिम **सेन्सेइ ट्राभल एण्ड सव रेमिट प्रा.लि.** कायम भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# योगप्रति आकर्षण बढ्दो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० चैत**

म्याग्दीका सर्वसाधारणको योगप्रति आकर्षण बढेको छ । स्वस्थ रहन र तनाव व्यवस्थापनका लागि योग अभ्यासमा आकर्षण बढेको हो।

जिल्ला सदरमुकाम बेनी बजारका साथै ग्रामीण क्षेत्रमा मानिस भेला भएर सामूहिकरूपमा योग अभ्यास गर्छन् । व्यस्त जीवनमा साधारण व्यायाम गरेर आफूलाई स्वस्थ राख्न, तनावबाट मुक्त हुन र शारीरिक स्फुर्तिका लागि नियमित योग गर्ने गरेको बेनीको कालीपुलका व्यापारी तप्तबहादुर भण्डारीले बताउनुभयो । "दिनभर व्यवसायको कामले व्यस्त भए पनि बिहानको डेढ घण्टा म नियमित योग गर्छु", उहाँले भन्नुभयो, "योग गर्न थालेपछि रक्तचाप व्यवस्थापन भएको छ। मलाई स्वस्थ, फुर्तिलो बनाउन र सकारात्मक सोचको विकास गर्न योग उपयोगी बनेको महसुस गरेको छु।" उहाँले विगत पाँच वर्षदेखि नियमित योगाभ्यास गर्दै आउनुभएको छ।

बजार क्षेत्रका नागरिक, व्यापारी, पेशाकर्मी बिहानको समयमा एकै ठाउँमा भेला भएर सामूहिक योगाभ्यास गर्छन् । बेनी नगरपालिका-७ मङ्गलाघाटकी रेणु शाक्यले अपच हुने, रुघा लागिरहने र रक्तचाप बढ्ने समस्या नियमित योग गर्न थालेपछि व्यवस्थापन भएको अनुभव सुनाउनुभयो । "योगअभ्याससँगैस्वास्थ्यलाईहानी नगर्ने खानपान अपनाउन थालेपछि स्वास्थ्यमा सुधार आएको छ", उहाँले भन्नुभयो "रक्तचाप व्यवस्थापन र रुघा लागिरहने समस्या निको भयो ।" जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नवीन आनन्द योग केन्द्रलगायत निकाय र सङ्घ संस्थाले म्याग्दीमा योग प्रशिक्षण सञ्चालन गरेका छन्। बेनी, दरवाङ, तिप्ल्याङ, बिम, बाबियाचौर, सिंगा तातोपानी, बेग, बगरफाँटलगायतका स्थानमा योगाभ्यास सञ्चालन भएको छ । छोटो अवधिका लागि आयोजना गरिने सामूहिक योगाभ्यासमा सहभागि भएपछि धेरैजसोले घरमै निरन्तरता दिएका छन् । योगाभ्यासमा सहभागीलाई उत्प्रेरणा साथै योग र ध्यानको महत्व बुझाएर आधारभूत ज्ञान र सीप प्रदान गरिने योग प्रशिक्षक टीकाबहादुर जुग्जालीले बताउनुभयो। "गलत खानपान र जीवनशैलीका कारणले शरीर भद्दा, अस्तव्यस्त र अस्वस्थ भएको छ", उहाँले भन्नुभयो, "आसन, प्राणायम र उचित खानपानको माध्यमबाट स्वस्थ रहन योगले सहयोग गर्छ।" योगले मानिसको शरीरिक बनावटलगायत मानसिकरूपमा पनि सकारात्मक प्रभाव पार्ने योग प्रशिक्षक जुग्जालीले बताउनुभयो । जीवनमा स्वस्थ र निरोगी रहन योग विधाको आविष्कार भएको बताइन्छ । व्यस्त जीवनमा हुने तनावबाट मुक्त रहन पछिल्लो समय युवादेखि वृद्धसम्मले यसलाई अपनाएको पाइन्छ । चिकित्सकका अनुसार दैनिक योगले मानिसको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउँछ।

योगप्रति आकर्षण बढे पनि बजार क्षेत्रमा अभ्यास गर्ने ठाउँको अभाव छ। मन्दिर, विभिन्न सङ्घ संस्था, सरकारी कार्यालय र होटलका सभाहल परिवर्तन गरेर योग सिकाउने गरिएको छ। नियमितरूपमा एकै ठाउँमा योगाभ्यास सञ्चालन गर्ने ठाउँको अभाव भएको हो। सामाजिक विकास मन्त्रालय र मालिका गाउँपालिकाले दरवाङमा योग केन्द्रको भवन बनाएका छन् । बेनीको कालीपुलस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको भवनमा गत वर्ष योग सञ्चालनका लागि सभाहल निर्माण भएको थियो । योग साधकको सङ्ख्या धेरै भएकाले पूर्वाधारको अभाव भएको नवीन आनन्द योग केन्द्रका सचिव हरिप्रसाद पौडेलले बताउनुभयो। "बेनी नगरपालिका-८ हिलसाइडमा योग साधना भवन निर्माणका लागि तीन वर्षअघि छ आना जग्गा व्यवस्थापन गरेका थियौँ", उहाँले भन्नुभयो, "बजेट र आर्थिक स्रोतको अभावमा भवन निर्माण गर्न सकेका छैनौँ ।" बेनीको क्याम्पसचोकका नारायण श्रेष्ठ र अम्बिका श्रेष्ठले तीन आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको थियो । तीन आना जग्गा खरिद गरिएको थियो। बेनी नगरपालिकाका उपप्रमुख सञ्जु बरुवालले योगको प्रवर्द्धनका लागि भवन निर्माणका लागि प्रदेश सरकारसँग पहल गरेको बताउनुभयो । जिल्ला समन्वय समितिको सभाहलको छतमा ट्रस राखेर योग साधनास्थल बनाउन छलफल चलाएको उहाँले बताउनुभयो।

# भूमिहीनको तथ्याङ्क सङ्कलन शुरु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० चैत**

तनहुँको थप चार पालिकामा भूमिहीनको तथ्याङ्क सङ्कलन शुरु भएको छ।

भूमिसम्बन्धी समस्या समाधान आयोगले जिल्लाका थप चार स्थानीय तहमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको तथ्याङ्क सङ्कलन शुरु गरेको हो । भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने उद्देश्यसहित दोस्रो चरणमा आँबुखैरेनी गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र म्याग्दे गाउँपालिकाका लागि आयोगले चैत ९ गते ३५ दिने सूचना प्रकाशित गरेको छ।

उक्त अवधिभित्र स्थानीय तहमार्फत घरदैलोमा खटिएका लगत सङ्कलक वा सम्बन्धित वडा कार्यालयमा फारममा उल्लेखित विवरण भरी आवश्यक पर्ने कागजात पेश गर्न सूचना जारी गरिएको आयोगका जिल्ला अध्यक्ष दधिराज सुवेदीले जानकारी दिनुभयो।

आयोगले सूचना जारी गरेसँगै स्थानीय तहले तथ्याङ्क सङ्कलनका लागि लगत सङ्कलनकर्ता परिचालन गरेको छ । आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले लगत सङ्कलनकर्तालाई तालिम दिएर वडामा खटाइएको जानकारी दिनुभयो । "भूमि आयोगबाट लगत सङ्कलनकर्ता तालिम सम्पन्न भएको छ, गाउँपालिकाका छवटा वडामा आठजना लगत सङ्कलनकर्ता खटाएका छौँ", पोखरेलले भन्नुभयो। म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले गाउँपालिकाका सातवटै वडामा गणक परिचालन गरिएको जानकारी दिनुभयो । प्रत्येक वडामा एक/एक गणकलाई तालिमपश्चात फारम बुझाएर परिचालन गरिएको छ। "फारम भर्न सिकाएर सबै गणकलाई वडामा खटाइसक्यौँ", उहाँले भन्नुभयो।

घिरिङ गाउँपालिकाले पनि प्रत्येक वडामा लगत सङ्कलनकर्ता परिचालन गरिसकेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले पाँचवटा वडामा एक/एक सङ्कलनकर्ता परिचालन गरिएको जानकारी दिनुभयो । पहिलो चरणमा जिल्लाको व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, भानु नगरपालिका, भीमाद नगरपालिका, देवघाट गाउँपालिका र बन्दीपुर गाउँपालिकामा भूमिहीनको लगत सङ्कलन गरिएको थियो। स्थानीय तहले सङ्कलन गरेको विवरण भूमिसम्बन्धी समस्या समाधान आयोगमा पठाइने र जाँचबुझपछि वास्तविक भूमिहीन भएको प्रमाणित भएमा लालपुर्जा वितरण गरिनेछ । जिल्लाको व्यास र शुक्लागण्डकी नगरपालिकाले भूमिहीनको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिसकेको छ भने अन्य स्थानीय तहमा काम भइरहेको बताइएको छ । व्यास नगरपालिकामा छ हजार ८७२ जनाको तथ्याङ्क सङ्कलन भएको छ। शुक्लागण्डकी नगरपालिकाले चार हजार ४४२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरेको छ। जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोगको कार्यालय स्थापना भइसकेको छ। सरकारले आयोगको अध्यक्षमा दधिराज सुवेदी, विज्ञ सदस्यमा दीर्घबहादुर दरै र सदस्यमा शान्ति कुँवरलाई नियुक्त गरेको थियो। आयोगको पदेन सदस्यमा डिभिजन वन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख, मालपोत कार्यालयका प्रमुख रहने व्यवस्था छ भने आयोगको सदस्यसचिवमा जिल्ला समन्वय अधिकारी रहने व्यवस्था छ।

# बडिगाड झडप घटनामा संलग्न आठ सार्वजनिक

**पोखरापत्र संवाददाता**
**दमौली, २० चैत**

जिल्ला प्रहरी कार्यालय बागलुङले बडिगाड झडप घटनामा संलग्न आठ जनालाई पत्रकार सम्मेलन गरी शुक्रबार सार्वजनिक गरेको छ।

होली पूर्णिमाका दिन भएको झडप घटनामा संलग्न बडिगाड गाउँपालिका-१० का २३ वर्षीय मिलन बुढामगर, २४ वर्षीय रेशम भनिने भेषराज बुढामगर, २३ वर्षीय कुमार छन्त्याल, ३३ वर्षीय झनबहादुर बुढामगर, तीर्थलाल बुढामगर, ३१ वर्षीय सूर्य बुढामगर र ४६ वर्षीय ढालबहादुर बुढामगरलाई प्रहरीले सार्वजनिक गरेको हो । चैत १५ गते होली खेल्ने क्रममा बडिगाड गाउँपालिका-१० र निसीखोला गाउँपालिका-७ को सिमाना बल्देधुरीमा झडप हुँदा दुई जनाको मृत्यु भएको थियो । घटनामा निसीखोला गाउँपालिका-७ का ३६ वर्षीय प्रकाश कुँवर र ३४ वर्षीय दीपक दमाईको ज्यान गएको थियो।

प्रहरीले मिलन बुढामगर र रेशम बुढामगरलाई गुल्मीको मदाने गाउँपालिकाबाट, कुमार छन्त्याललाई रुपन्देही, रेशम बुढामगरलाई बुर्तिबाङ, सूर्य बुढामगर र ढालबहादुर बुढालाई दर्लिङबाट पक्राउ गरेको र दुई जना जिल्ला प्रशासनमा आएर आत्मसर्मपण गरेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले जानकारी दिनुभयो।

पक्राउ परेका आठ जनालाई अदालतबाट म्याद थप गरी थप अनुसन्धान गरिरहेको प्रहरी उपरीक्षक मगरको भनाइ छ । पीडित पक्षले छ विरुद्ध किटानी जाहेरी दिएका थिए। जसमध्ये चार जना पक्राउ परेका छन् । घटनामा धेरै युवा संलग्न भएको भन्दै अनुसन्धानका लागि प्रहरी खटिएको पल्लीमगरको भनाइ छ।

# केराउ आयातका लागि १५ गुणासम्म आवेदन

**रासस**
**काठमाडौं, २० चैत**

केराउ, सुपारी, छोकडा र नधुल्याइएको मरिच आयातमा गत वर्षदेखि लगाइएको बन्देज पूर्णरूपमा खुला भएसँगै पछिल्लो समय उक्त वस्तु आयातको माग उच्च भएको छ।

आयातमा एक वर्षको प्रतिबन्धपछि गत चैत ९ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त प्रतिबन्धमा परिमाणमा कोटा तोकेको हो । परिमाणमा कोटा तोकिएभन्दा १५ गुणा वस्तु आयातको माग आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले जनाएको छ । विभागको बुधबार साँझको तथ्याङ्कअनुसार केराउमा १५, सुपारीमा नौ, छोकडामा आठ र नधुल्याइएको मरिचमा नौ गुणसम्म आवेदन परेको छ। सरकारले वार्षिक ८० हजार मेट्रिक टन केराउ, २५ हजार मेट्रिक टन सुपारी, पाँच हजार मेट्रिक टन छोकडा र १५ हजार मेट्रिक टन नधुल्याइएको मरिच आयात गर्न सकिने गरी प्रतिबन्ध हटाएको हो । लामो समयपछि चार वस्तुको आयातमा लगाइएको प्रतिबन्ध हटाएपछि उक्त वस्तुको आयातमा व्यवसायीको माग धेरै आएको विभागका प्रवक्ता शिवराज सेढाईँले जानकारी दिनुभयो। उहाँका अनुसार बुधबार साँझसम्म केराउ आयातका लागि २३३ निवेदनबाट १२ लाख २५ हजार २९० मेट्रिक टन र सुपारी आयातका लागि ७५ वटा निवेदनबाट दुई लाख २७ हजार २७० मेट्रिक टनको माग आएको छ । यसैगरी, छोकडा आयातका लागि १०१ निवेदनबाट ४१ हजार ९९५ मेट्रिक टन र नधुल्याइएको मरिच आयातका लागि १६९ वटा निवेदनबाट एक लाख ४० हजार ८२ मेट्रिक टनको माग आएको छ। उक्त वस्तु पैठारीकर्ताबाट माग भएको वस्तु तोकिएको समयमा आयात हुने निश्चित गर्न आवश्यक कागजात संलग्न नै नगरी निवेदनमा माग गरेको परिमाण मात्र उल्लेख गरी निवेदन आएको विभागले जनाएको छ।

विभागले आयातित वस्तु वास्तविक उपभोक्तासम्म पुग्ने निश्चितताका लागि आयातकर्ता कम्पनीसँग व्यवसायको कम्पनी, उद्योग, वाणिज्य दर्ता अनुमतिपत्र, गत आव २०७६/७७ सम्मको करचुक्ता प्रमाणपत्र, आयात गर्ने सम्भावित मुलुक र यसअघि आयात गरेको विवरण र परिमाण खुल्ने कागजपत्र पेश गर्न विभागले आग्रह गरेको छ।

# सहकारी दिवसका अवसरमा सरसफाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

सुरक्षा पालुवा बचत ता ऋण सहकारी संस्था लिमिटेड, पोखरा-३३ ले ६४ औं सहकारी दिवसका अवसरमा शुक्रबार सरसफाई गरेको छ।

पोखरा - ३३ कालिका स्थानस्थित प्रधान कार्यालय सहित पोखरा - ३३ कै लामगादी र पुँडीटारका साथै पोखरा - ८ को न्यूरोड एवम् पोखरा - २९ भण्डारढिकको सेवा केन्द्रहरूबाट सेवा प्रवाह भैरहेको सहकारीले समाजिक उत्तरदायित्व अन्तर्गत सरसफाई गरेको सहकारीका अध्यक्ष टुल्कनाथ आचार्यले जानकारी दिनुभयो । कोरोना महामारीका



कारण स्वास्थ्य सुरक्षा सजगता लगायतका कुरालाई दृष्टिगत गर्दै सरसफाई कार्यक्रम गरिएको उहाँले बताउनुभयो। कार्यक्रममा ६० जना भन्दा बढी व्यक्तिहरूको उपस्थिती रहेको र कार्यक्रमले सदस्यबीच पारस्परिक सहयोग र एकता नै सहकारीको गहना हो भन्ने सन्देश दिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत बिष्णुप्रसाद अधिकारीले जानकारी दिनुभयो।

कार्यक्रममा कालिकास्थान बजार व्यवस्थापन समितिको पनि सहभागिता थियो।

# ६४ औं सहकारी दिवसमा उत्कृष्ट फेवा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० चैत**

फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. सृजना चोक पोखरा-८ ले ६४ औ राष्ट्रिय सहकारी दिवस मुल आयोजक समिति कास्कीको आयोजनामा आयोजित ३ दिने कार्यक्रमको पहिलो दिन खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

उक्त रक्तदान कार्यक्रममा फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाको तर्फबाट-२८ जनाले रक्तदान गरि फेवा सहकारीले ६४ औ राष्ट्रिय सहकारी दिवसको पहिलो दिनको रक्तदान कार्यक्रममा प्रथम र ६१ औ र ६२ औ राष्ट्रिय सहकारी दिवसमा समेत प्रथम हुदै ह्याट्रिक मारेको रक्तदान कार्यक्रममा फेवा सहकारी का सदस्यहरू सहभागी भई जिल्ला सहकारी संघ मा राखिएको रक्तदान कार्यक्रममा फेवा सहकारी का अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्ग समेत उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठ, प्रबन्ध निर्देशक हरि भक्त पौडेल लगायतका सदस्यहरू को सहभागितामा पहिलो पटक देखि चालीसौं पटक सम्म रक्तदान गरेका रक्तदाताहरूले रक्तदान गर्दै कास्की मा रहेका सहकारी सस्था मध्ये उत्कृष्ट रक्तदान गर्ने सहकारीमा फेवा बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थालाई सम्मान - पत्र र मायाको चिनोद्वारा सम्मान गरि सम्मानित भएकोमा सम्पुर्ण रक्तदाताहरू र सहयोगी सबै लाई अध्यक्ष क्या.



चन्द्र प्रसाद गुरुङ्गले सहयोगी सबैलाई धन्यबाद दिनु भएको थियो।

उक्त दिवसको दोस्रो दिन जिल्ला सहकारी संघ कास्कीका महा सचिब दिपक बास्तोला को उपस्थितिमा सरसफाईका सभाध्यक्ष सम्मर बहादुर श्रेष्ठले सरसफाई सामाग्रि सहकारीका प्रबन्ध निर्देशक हरिभक्त पौडेल लाई हस्तान्तरण गरि सहकारी को कार्यालय सृजना चोक देखि शुभारम्भ गरिएको सरसफाई कार्यक्रममा सृजना चोक देखि जिरो कि मि हुदै फेवा टावर सहकारी भबन सम्मको सडकको दुबै किनारामा फोहर उठाउने आधुनिक लठ्ठी प्रयोग गरि जाम भई नालामा जमेको प्लाष्टिकका फोहर र खैनीका गुड्का र पान पराग लगायतका प्लाष्टिकका टुक्रा समेत गरि करिब १ हजार केजी फोहर संकलन गरिएको सहकारी का उपाध्यक्ष एवं सरसफाई कार्यक्रमका सभाध्यक्ष सम्मर बहादुर श्रेष्ठले बताउनु भएको छ।

उक्त सरसफाई कार्यक्रममा सहकारीका पदाधिकारी सदस्य, उपसमितिका सदस्य र कर्मचारीहरूको बिशेष उपस्थिति र सहयोगमा सम्पन्न सरसफाई कार्यक्रममा सहकारी का कोषाध्यक्ष सेरकाजी गुरुङ्ग, सदस्य पुर्णभद्र अधिकारी, किरण बैध बिजुक्छे, सरस्वती देबकोटा, युबराज पौडेल, लेखा समिति, कर्मचारी लगायत बिभिन्न उप समितिका सदस्यहरुको उपस्थिति र सहयोगमा सम्पन्न उक्त सरसफाई कार्यक्रममा कोषाध्यक्ष सेरकाजी गुरुङ्गले स्वागत मन्तव्य दिईएको सरसफाई कार्यक्रमका सभाध्यक्ष एवं सहकारी का उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त सरसफाई कार्यक्रममा सहकारी का प्रबन्ध निर्देशक हरिभक्त पौडेल ले संचालन गरेको थियो।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर (BMTC) बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम (STSE) परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका बिषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP
EUROPEAN UNION
BRITISH COUNCIL